page_6kpr.qxd 11/13/2008 9:22 PM Page 1



**• सम्पादकीय •**

# प्रभावकारी जनचेतना जरुरी

नेपाली कामदार खाडी मुलुक र मलेसिया गएको अनुपातसँगै ती देशमा नेपालीको मृत्यु हुने क्रममा वृद्धि भएको छ । हरेक दिन काठमाडौं अवतरण हुने अन्तर्राष्ट्रिय विमानले कम्तीमा दुईदेखि चार शव ल्याउने गरेका छन् । कतिपय शव महिनौंअघिका हुन्छन् । दुई महिनाअघि साउदी अरबमा मृत्यु भएका उदयपुर, त्रियुगाका मुरारीकुमार खड्काको शव यही बुधबार ल्याउन लागेको सूचना गल्फ एयरले दियो । अन्तिम दाह संस्कारका लागि परिवारका सबै सदस्यसहित गाउँबाट आएका डेढ सयभन्दा बढी व्यक्तिले आर्यघाटमा चितासमेत बनाए । विमान कम्पनीले लास नआएको गैरजिम्मेवार जवाफ दिएपछि शोकमग्न परिवार अझै बढी पीडामा डुब्न पुग्यो । यो बहुराष्ट्रिय विमान कम्पनीको गैरजिम्मेवारीको पराकाष्ठा हो ।

विदेशी रोजगारदाता, नेपाली मेनपावर व्यवसायी, बिचौलिया दलाल, सरकार र विदेशस्थित कूटनीतिक नियोगको कमजोरीले रेमिट्यान्स निर्भर देशका अबोध कामदार बिरानो भूमिमा असमायिक मृत्युवरण गर्नेको संख्या निरन्तर वृद्धि हुने खबर परिवार, समाज र देशका लागि अत्यन्त दुःखदायी हो । मलेसिया, साउदी अरब, कतार र यूएईमा सन् २००७ मा मात्रै ७ सयभन्दा बढी नेपालीको मृत्यु भएको थियो । पछिल्लो दशकमा यी मुलुकमा चार हजारभन्दा बढी नेपालीको मृत्यु भइसकेको आँकडा छ ।

राजनीतिक क्षेत्रमा अकल्पनीय परिवर्तन भए पनि सामाजिक तथा आर्थिक अवस्थामा अपेक्षित उन्नति नहुँदा बेरोजगार युवाहरू विदेश धाउन बाध्य छन् । तीव्र राजनीतिक अस्थिरता र प्रतिकूल लगानीमैत्री वातावरणले नयाँ रोजगारीका अवसर सिर्जना नभएको बेला वैदेशिक रोजगार अपरिहार्य बाध्यताको प्रतिविम्ब दैनिक ७ सयभन्दा बढी युवाको लस्कर त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट बिदेसिनु हो । श्रम बजारमा बर्सेनि थपिने साढे तीन लाख जनशक्तिमध्ये आधाभन्दा बढी बिदेसिएर नेपालीले कमाएको पुँजी तथा सीप भित्रिएर देशको सामाजिक तथा आर्थिक रूपान्तरणमा महत्त्वपूर्ण योगदान पुगे पनि यो व्यवसायलाई सुव्यवस्थित, मर्यादित र सुरक्षित बनाउन सरोकारवाला निकायको ध्यान पुगेको छैन ।

काठमाडौंबाट हिंड्ने बेलामा भनिएबमोजिम तलब तथा सुविधा नपाइनु, न्यूनतम मानवीय आवश्यकताभन्दा पनि सुविधाविहीन कमजोर बासस्थान, असुरक्षित कार्यस्थल, प्रतिकूल मौसम, कमजोर सामाजिक सुरक्षालगायत मानसिक दबाबमा जीवन बिताउने कतिपय नेपालीको दुःखद मृत्युको कारण जोखिम न्यूनीकरण अज्ञानता हो । विदेशमा मृत्यु भएकामध्ये झन्डै ६० प्रतिशतभन्दा बढीको मृत्यु हृदयाघातबाट भएको छ । २५ प्रतिशतभन्दा बढी नेपालीको मृत्यु सवारी दुर्घटनामा र औद्योगिक दुर्घटना, आत्महत्या, सरुवा रोग, झैझगडालगायतका कारणबाट पनि भएको छ । खाडी तथा मलेसियामा दिनभर काम गरेर साँझ खाना खाएका कामदार भोलिपल्ट बिहान मृत अवस्थामा भेटिन्छन् । अत्यावश्यक जानकारीको अभावमा हिमाली तथा पहाडी शीतल हावापानीमा हुर्केका नेपाली प्रचण्ड गर्मीमा स्वास्थ्यको हेरचाह गर्न सक्दैनन् । दिनभर प्रचण्ड गर्मीमा काम गर्ने नेपालीहरू रातभर अत्यन्तै चिसो वातानुकूलित कोठामा सुत्छन् । कुखुराको मासु र तातो भातसँगै प्रतिबन्धित न्यून कोटिको मदिरा सेवा, मानसिक तनाव, खाडी मुलुकमा 'लेफ्टह्यान्ड ड्राइभ' का कारण धेरै नेपालीको मृत्यु हुने गरेको छ ।

विदेश जाने कामदारलाई पर्याप्त तालिम र जानकारीबिना विदेश पठाउँदा यस्तो दुःखद परिणति सिर्जना भएको हो । विदेश जाने कामदारलाई त्यहाँको रहनसहन, चालचलन, धर्म, भाषा, ट्राफिक, औद्योगिक सुरक्षा, श्रम कानुनलगायतका पक्षमा जानकारी दिन अभिमुखीकरण संस्था स्थापना गरेको र तीनमा तालिम लिएको प्रमाणपत्र नभएसम्म वैदेशिक रोजगारमा अन्तिम स्वीकृति नदिने कानुनी व्यवस्था भए पनि श्रम विभागले आफ्नै कार्यालयअघि सय रुपैयाँमा तालिम लिएको प्रमाणपत्र बिक्री भएको थाहा भए पनि मौन भएकाले विदेशमा नेपालीको दुःखद मृत्यु हुने गरेको छ । संसारका विभिन्न मुलुकले रोजगार गन्तव्यमा रहेका कामदारलाई विभिन्न प्रकारका तालिम तथा सचेतना कार्यक्रम सञ्चालन गर्दै आएका छन् । सरकार, श्रम मन्त्रालय, परराष्ट्र मन्त्रालय र विदेशस्थित नियोगले जनचेतनामूलक प्रयास अघि बढाएमा विदेशमा हुने मृत्यु न्यूनीकरणमा सहयोग पुग्याउँछ र धार्मिक संस्कारका लागि लास पर्खनेहरू विमान कम्पनीको अक्षम्य गैरजिम्मेवारीका कारण अझै पीडित भई फर्कने दिन पुनरावृत्ति हुनेछैन ।

## चौतारी



■ शान्ता मरासिनी

# आरक्षण र लक्षित समूह

निजामती सेवा ऐन, ०६४ ले कर्मचारीतन्त्रलाई समावेसी बनाउने रणनीति अख्तियार गरेको छ । आरक्षणबारे दुर्गमका महिला, जनजाति अपांग, मधेसीजस्ता पिछडिएका वर्गलाई जानकारी छैन भन्दा अतियुक्ति पक्कै हुने छैन । करिब ६० वर्षअघि बनेको संविधानमा उल्लिखित लिंगका आधारमा कसैमाथि कुनै भेदभाव नगरिने शब्दावलीसँग ती जनसमुदायमा चेतना छैन । काठमाडौंबाट दूरीको हिसाबले नजिक रसुवा जिल्लाका तामाङ दाजुभाइ दिदीबहिनीमा यो कुराको कुनै पत्तो छैन । पढे लेखेको १२ कक्षा पास गरेका कतिपय बीए पढ्दै गरेकालाई आरक्षण व्यवस्थाको कुनै मतलब छैन । उनीहरू न त पत्रिका पढने मौका पाउँछन्, न त सरकारी सूचनाहरू ।

नुवाकोट खैरनीटारकी रमाले भनिन्- १२ पास त गरियो, तर सरकारी जागिर कसरी खाने ? कहाँ पढ्ने ? कहिले जाँच दिने ? अत्तोपत्तो छैन । निजामती सेवामा जनजाति महिलालाई आरक्षण छ नि त भन्ने सुनाउँदा उनी छक्क परिन् । त्यसका लागि के गर्ने ? कहाँ जाने ? उनलाई केही थाहा छैन । रसुवा स्याफ्रुबेंसीकी नुर्चुङ तामाङले भनिन्- '११ पढ्दै छु, अब जागिर खोज्ने विचार छ तर कसरी, कहाँ जाने पत्तो छैन ।'

ती वर्ग/समुदायलाई निजामती सेवाको मूलधारमा ल्याउन पहलकदमी गर्नु कसको कर्तव्य हो, त्यो म किटान गर्न सक्दिनँ । जहाँ आरक्षण गर्नुपर्ने अवस्थामा राष्ट्र छ, त्यहाँ ऐनमा मात्र आरक्षण गरेर पुग्दैन । त्यो सूचना ती वर्ग, समुदाय र जहाँ पिछडिएका भनिएको छ, त्यहाँसम्म पुऱ्याउने पहिलो जिम्मा र कर्तव्य भनेको सरकारी निकायको हुनुपर्छ । ती समुदायका पढेका केही मात्र व्यक्ति भए पनि सेवामा छिरे भने उनीहरूले आफ्नो समुदायलाई आकर्षित गर्न सक्छन् ।

हामी संविधानसभाको निर्वाचनमार्फत नयाँ समावेसी संविधान निर्माण गर्ने क्रममा छौं । सुन्दा गौरव पनि लाग्छ र घोरिएर सोच्न बाध्य बनाउँछ । ६०१ मध्ये १९७ हाम्रा महिला सभासद हुनुहुन्छ । केही पत्रपत्रिकाले हौवा पनि उडाए- चुरा बेच्दाबेच्दै सांसद यो कस्तो भनाइ हो एउटा व्यापार व्यवसायमा लागेकी महिला के नेतृत्व लिन सक्दिनन् ? अझ परिपक्व हुन्छिन् ।

खासगरी केही सरकारी प्रयास नभएका त होइनन् तर महिला र पुरुषबीचको खाडललाई कम गर्न भनौं अर्थात् महिला र पुरुषको समविकासका लागि सरकारले योजिनाबद्ध रूपमा छैटौं योजना अवधि (०३७-०४२) देखि महिला विकासलाई र आठौं योजनाबाट महिला सशक्तीकरण र लैंगिक समानतालाई विशेष ध्यान दिँदै आएको छ । अन्तर्राष्ट्रिय र राष्ट्रिय स्तरमा भएका महिला विकास, महिला सशक्तीकरण र लैंगिक विषयका महासन्धि तथा घोषणाका प्रावधानहरू लागू गर्ने प्रतिबद्धता स्वरूप कतिपय कानुन र नीतिहरूमा सुधार तथा थप गर्दै कार्यक्रमहरू कार्यान्वयन गर्दै आएको छ । अध्ययनहरूले पनि पुरुषभन्दा महिला पछि परेको तथ्य अघि सार्दै आएका छन् ।

अधिकांश महिलाहरू अनौपचारिक, निर्वाहमुखी, घरायसी, अनुत्पादक, ज्यालाप्राप्त नहुने वा कम ज्याला प्राप्त हुने कार्यमा संलग्न छन् । यसैगरी आय र प्रशासनिक तथा नीति निर्माण तहमा महिलाको हिस्सा न्यून प्रतिशत मात्र रहेको देखिन्छ ।

> '१२ पास त गरियो, तर सरकारी जागिर कसरी खाने ?'

यसरी निजामती सेवालाई समावेसी बनाउने सकारात्मक छ । नयाँ संविधानलाई समावेसी बनाउने, राष्ट्र निर्माणमा सबैको सहभागिता गराउनै पर्छ । जनताको बढ्दो आकांक्षालाई परिपूर्ति गर्ने विषय, आर्थिक उदारीकरण र निजीकरणको विषयमा सबैको सहभागिता गराउनै पर्छ । अझ पर गएर भन्नुपर्दा असल शासनको अनुभूतिमार्फत् समृद्ध नयाँ नेपाल निर्माणका विषयसम्मका सबै विषयलाई व्यवहारमा परिणत गर्न सर्वप्रथम राजनीतिज्ञहरूमा राजनीतिक इच्छा र इमान्दारिता र प्रतिबद्धता हुनु आवश्यक छ ।

कर्मचारी वर्गमा इमान्दारिता सेवाभाव देश विकासका लागि दृढ प्रतिज्ञा हुनु आवश्यक छ । ती दुर्गम भेगका आर्थिक र सामाजिक रूपले पछाडि परेका महिला, आदिवासी, जनजाति मधेसी दलित सबैलाई सशक्तीकरण गर्ने, जनजागृत गर्ने, कार्यमा सरकारी निकाय, स्थानीय निकाय, गैरसरकारी संस्था, नागरिक समाजको पहल ज्यादै जरुरी छ ।

# कृषि विश्वविद्यालय यस कारण

## कृषिप्रधान मुलुकमा कृषि विश्वविद्यालय खोल्न राज्यले चाल्नुपर्ने कदमको लेखाजोखा ।



**डा. आईपी ढकाल**

नेपालजस्तो कृषिप्रधान देशमा कृषि विश्वविद्यालय स्थापना गर्ने चर्चा बेलाबखत हुँदै आए पनि यसको ठोस पहल हुन सकेको थिएन । भर्खरै आएर मात्र सरकारले चितवनको रामपुरमा कृषि, वन र पशु विज्ञान विश्वविद्यालय खोल्ने घोषणा गरेको छ । र, यसका लागि केही बजेटसमेत छुट्याइएको छ ।

रामपुरस्थित कृषि तथा पशु विज्ञान अध्ययन संस्थानले २०३० सालदेखि कृषि जनशक्ति उत्पादन गर्दै आएकाले यहाँ विश्वविद्यालयका निम्ति एकखाले पूर्वाधार छ । संस्थानमा यथेष्ट मात्रामा भौतिक सुविधा उपलब्ध हुनुका साथै विश्वका प्रसिद्ध कृषि विश्वविद्यालयबाट स्नातकोत्तर र विद्यावारिधि गरेका प्राध्यापकहरू छन् । यहाँबाट हालसम्ममा ४२०९ जेटीए, १४२८ जेटी, २३४७ बीएस्सी (कृषि), २२७ बीभीएस्सी एण्ड एच, २७९ एमएस्सी र चारजनाले विद्यावारिधि डिग्री हासिल गरिसकेका छन् ।

**कृषि विश्वविद्यालयको आवश्यकता**

प्रस्तावित कृषि विश्वविद्यालयले देशको गरिबी र बेरोजगारीलाई न्यून गरी नेपालीहरूको सामाजिक, आर्थिक र क्षेत्रीय आवश्यकता परिपूर्ति गर्ने खालका कृषिसँग सम्बन्धित संकायहरू स्थापना गरी गुणस्तरीय जनशक्ति उत्पादन गर्नेछ । कृषि प्रविधिको विकासका लागि कृषि विश्वविद्यालयअन्तर्गत तीनवटा आधारभूत कार्यक्रम सञ्चालन गर्न सकिनेछ : कृषि शिक्षणको माध्यमबाट दक्ष जनशक्तिको उत्पादन, कृषि अनुसन्धान गरी नयाँ प्रविधिको विकास र कृषि प्रसारप्रचार गरी नयाँ प्रविधि कृषकहरूलाई हस्तान्तरण ।

कृषि र पशुपंक्षीसम्बन्धी उच्चस्तरीय दक्ष जनशक्ति, प्रविधि विकास र हस्तान्तरण गरी पुरानो शैली एवं परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण गरी ग्रामीण कृषकहरूको सामाजिक र आर्थिक स्तर उठाउन निम्नलिखित उद्देश्यका साथ कृषि, वन र पशु विज्ञान विश्वविद्यालय स्थापना हुनुपर्ने देखिन्छ :

■ कृषि, भेट्नरी तथा पशु विज्ञान, खाद्य विज्ञान, कृषि इन्जिनियरिङ, वन विज्ञान र एग्रोफोरेस्ट्री विज्ञानमा गुणस्तरीय शिक्षा प्रदान गर्न र सबैले पढ्न पाउने अधिकारको सुनिश्चितता गर्न ।

■ कृषकहरूको समस्याको पहिचान गरी अनुसन्धानको माध्यमबाट नयाँ प्रविधि विकास गरी ग्रामीण किसानहरूको जीवनस्तर उठाउन ।

■ कृषि, वन र पशुपालनमा उत्पादकत्व वृद्धि गराउन, कृषक र विशेषज्ञबीच हुने संवाद र अन्तरक्रियाबाट उन्नत प्रविधि कृषकलाई हस्तान्तरण गराउन ।

■ कृषिमा आधारित लघु तथा मझौला उद्योगहरूको विकासका लागि उपयुक्त प्रविधि उपलब्ध गराउन र ग्रामीण समुदायलाई आयमूलक कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गरी रोजगारी प्रदान गर्न ।

■ विशेषज्ञ प्राध्यापकहरूले निजी फार्म, उद्योग र संघसंस्थाहरूमा परामर्श सेवा उपलब्ध गराउन ।

■ सामुदायिक वनमार्फत घाँस र जडीबुटीको सामूहिक खेती गरी आय आर्जन वृद्धि गर्न र वनको संरक्षण गर्न ।

त्रिभुवन विश्वविद्यालयले कृषि र वन विज्ञान संस्थानलाई पनि अन्य संकायसरह हेर्ने गरेको हुँदा कृषि, भेट्नरी र वन शिक्षाको विकास हुन नसकेको यथार्थ छ । साथै छुट्टै कृषि विश्वविद्यालय हुँदा कृषि र पशुसँग सम्बन्धित विभिन्न संकायहरूको विकास हुने, कृषि शिक्षाको प्रकृतिअनुसार नियम-कानुन तर्जुमा गरिने र उच्च डिग्रीप्राप्त प्राध्यापकहरूले आफ्नो योग्यताअनुरूपको कार्यक्रम पाउने हुँदा अध्ययन संस्थान छाडेर बाहिर जाने 'ब्रेन ड्रेन' को समस्या घट्ने देखिन्छ ।

**कृषि अनुसन्धानको प्रवर्द्धन**

कृषिलाई आधुनिकीकरण नगरेसम्म देशको दिगो आर्थिक विकास सम्भव छैन । नयाँ प्रविधि विकासका लागि प्राध्यापक र विशेषज्ञहरू अध्यापनका अलावा अनुसन्धानमा संलग्न हुनुपर्छ । त्यस्ता अनुसन्धानबाट प्राप्त नतिजालाई शिक्षण कार्यमा प्रयोग गर्न सकिन्छ । तसर्थ कृषि विश्वविद्यालयअन्तर्गत नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) लाई पनि समावेश गर्न आवश्यक छ । स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरूले सैद्धान्तिक कोर्षहरू रामपुरमा अध्ययन गरी थेसिसको अनुसन्धान 'नार्क' अन्तर्गतका फार्म, अनुसन्धान केन्द्र आदिमा गर्ने व्यवस्था मिलाई कृषि शिक्षालाई समयानुकूल परिवर्तन गर्नुपर्छ ।

कृषि मन्त्रालयअन्तर्गतको स्वायत्त संस्था नार्कले कृषि अर्थतन्त्रमा टेवा पुऱ्याउने बालीहरू जस्तै धान, मकै, गहुँ, उखु, आलु, कोदो, तेलहन, जौ आदि र पशुपंक्षी पालन क्षेत्रमा गाई, भैंसी, भेंडा, बाख्रा, बंगुर, कुखुरा र हाँस, बागबानी बाली, मसला बाली र केही नगदे बालीमा अनुसन्धान गर्ने गरेको छ । प्रस्तावित कृषि, वन र पशु विज्ञान विश्वविद्यालयले नार्कका अतिरिक्त कृषि विभाग, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र पशु सेवा विभागसँग समन्वय गरी संयुक्त रूपमा परियोजनाहरू परिचालन गर्ने परिपाटी बसाल्नुपर्छ । अनुसन्धान र शैक्षिक कार्यक्रम एकअर्काको पूरक भएकाले विश्वविद्यालयभित्र अनुसन्धान र शिक्षण कार्यक्रमलाई ऐन नियममै व्यवस्था गर्नुपर्छ ।

**कृषि प्रसारको प्रवर्द्धन**

कृषि विश्वविद्यालयको आधारशिलाका रूपमा कृषि प्रसार र सञ्चारलाई लिइन्छ । कृषि र पशुपंक्षीमा भएका नयाँ-नयाँ प्रविधिहरू किसानलाई हस्तान्तरण गर्न कृषि प्रसार आवश्यक पर्छ । यसबाट किसानहरूले नयाँ प्रविधि प्राप्त गर्छन् भने यस क्षेत्रका समस्याहरू प्राध्यापक, कृषक र विशेषज्ञका बीचमा हुने अन्तरक्रियाबाट समाधान गर्न सक्छन् ।

हालसम्म कृषि प्रसार र प्रविधि हस्तान्तरणको जिम्मेवारी कृषि मन्त्रालयअन्तर्गतको कृषि विभाग र पशु सेवा विभागबाट हुने गरेको छ । कृषि विश्वविद्यालयका विभिन्न संकायहरूसँग कृषि र पशु सेवा विभागले समन्वय गरी प्रविधिको हस्तान्तरण, तालिमको व्यवस्था, किसान मेला, कृषि तथा पशु प्रदर्शनी, ग्रामीण विकासका लागि पाइलट प्रोजेक्ट तय गरी 'भिलेज एडप्सन' कार्यक्रम गर्ने, कृषि प्रविधिका संगालो प्रकाशन गरी कृषकसमक्ष पुऱ्याउने र कृषि प्रसारका कार्यक्रमलाई रेडियो, एफएम र टेलिभिजनबाट प्रसारण गर्नुपर्ने देखिन्छ ।

कृषि प्रसार शाखाबाट नेपाल उद्योग वाणिज्य महासंघअन्तर्गतका जिल्ला उद्योग वाणिज्य संघहरूसँग समन्वय गरी कृषि उद्यम केन्द्रका कार्यक्रमहरूमा सहयोग पुऱ्याउनुपर्ने देखिन्छ । कृषिजन्य उत्पादनहरूको थोक बजारको दैनिक मूल्यसूची संकलन गरी बजार सूचना प्रवाह गर्ने कार्यप्रणालीको विकास गर्नुपर्छ । प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि उद्यम केन्द्रसँग सम्बन्ध वा सम्पर्क कायम गरी कृषि व्यवसायलाई प्रवर्द्धन गर्ने खालका कार्यक्रम सञ्चालन गर्नुपर्छ । कृषि विश्वविद्यालयबाट उत्पादित प्रविधि कृषि प्रणालीको माध्यमबाट ग्रामीण समुदायमा पुऱ्याउने कृषकहरूलाई समावेश गरी कृषककै जग्गामा नयाँ प्रविधिको ट्रायल गरी प्रदर्शन गर्नुपर्छ ।

**कृषि विज्ञान केन्द्रको स्थापना**

हालको कृषि मन्त्रालयको बनावटमा कृषक र अनुसन्धान प्राविधिकबीचको समन्वय र नयाँ प्रविधि हस्तान्तरणमा लामो 'च्यानल' छ । जस्तैः कृषकको समस्या-जिल्ला कृषि विकास अधिकृत-क्षेत्रीय निर्देशक-महानिर्देशक-कृषि मन्त्रालय सचिव-नार्कका कार्यकारी निर्देशक- नार्कका वैज्ञानिक-किसानको समस्या समाधान ।

कृषकका समस्या निराकरण गर्ने परिपाटीलाई छोटो बनाउन कृषि विश्वविद्यालय अन्तर्गत कृषि विज्ञान केन्द्रको स्थापना गर्नुपर्छ जहाँ कृषि विश्वविद्यालयका वैज्ञानिकहरू रहने छन् । जस्तै : कृषकको समस्या-जिल्ला कृषि विकास अधिकृत-कृषि विज्ञान केन्द्र-कृषकको समस्या समाधान । पाँचवटै विकास क्षेत्रअन्तर्गत तराई, मध्य पहाड र उच्च पहाड गरी करिब १५ वटा कृषि र पशु विज्ञान अनुसन्धान केन्द्रहरू स्थापना गर्नुपर्छ ।

कृषि विश्वविद्यालयका तीनवटा आधारशिला- शिक्षण, अनुसन्धान र कृषि प्रसार कार्यक्रमलाई यहाँका प्राध्यापक, कर्मचारी र विद्यार्थीले कार्यान्वयन गर्नेछन् । विश्वविद्यालयअन्तर्गत आईएस्सी (कृषि), बीएस्सी (कृषि), बीभीएस्सी एण्ड एएच, एमएस्सी (कृषि) र पशु विज्ञान, एमभीएस्सी, खाद्य विज्ञान, एग्रो इन्जिनियरिङ, एग्रो फरेस्ट्री र बागबानी विज्ञानमा समेत स्नातकोत्तर र विद्यावारिधिको डिग्री प्रदान गरिनेछ । यसका साथै इन्सर्भिस र अन्य तालिमहरू राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वैज्ञानिकबाट दिइनेछ ।

यसबाहेक कृषि विश्वविद्यालयअन्तर्गत कृषि संकाय, भेट्नरी तथा पशु विज्ञान संकाय, कृषि इन्जिनियरिङ तथा टेक्नोलोजी संकाय, खाद्य विज्ञान तथा टेक्नोलोजी संकाय, वन विज्ञान संकाय र एग्रोफरेस्ट्री बायोडाइभर्सिटी तथा वातावरण विज्ञान संकाय रहने छन् । हाल धरानमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत सञ्चालित बीएस्सी (एग्रो इन्जिनियरिङ) र खाद्य विज्ञान टेक्नोलोजीलाई पनि यस विश्वविद्यालयमा समावेश गर्नुपर्छ ।

यसबाहेक प्रविधि सूचना तथा प्रकाशन केन्द्र, कृषि, वन र पशुपंक्षी अनुसन्धान केन्द्र, कृषि, वन र पशुपंक्षी प्रसार केन्द्र, उच्च पहाडी अनुसन्धान केन्द्र, मत्स्य अनुसन्धान केन्द्र, खेलकुद तथा अतिरिक्त क्रियाकलाप केन्द्र र कर्मचारी/प्राध्यापक मिलन केन्द्र जस्ता सहयोगी निकाय पनि स्थापना गरिनुपर्छ ।

हालसम्म कृषि, वन र भेट्नरी अध्ययन गर्ने विद्यार्थीहरू ६० प्रतिशत सहरी क्षेत्रबाट र ४० प्रतिशत ग्रामीण भेगबाट आउने गरेको देखिन्छ । कृषि जनशक्ति ग्रामीण क्षेत्रमा पुग्न नसक्दा कृषिमा आधुनिकीकरण हुन सकेको छैन । ग्रामीण कृषि विकासका लागि प्रत्येक जिल्लामा १०+२ को पढाइ हुने केही स्कुल तथा क्याम्पसहरूमा कृषि शिक्षा अध्यापन गराउनेतर्फ प्राथमिकता दिनुपर्छ । मुलुकको भूधरातलका आधारमा उच्च पहाड, मध्य पहाड, चुरे र तराईलाई समेट्ने गरी यातायात पुगेका ठाउँमा कृषितर्फ आईएस्सी र बीएस्सी अध्यापन गराउने नीति कृषि, वन र पशु विज्ञान विश्वविद्यालयले लिनुपर्छ ।

यसबाहेक कृषि विश्वविद्यालय स्थापनाका लागि निम्न कार्य अविलम्ब गरिनु आवश्यक छ :

■ कृषि, भेट्नरी, पशु विज्ञान र वन विज्ञानका वैज्ञानिक सम्मिलित एक उच्च आयोग गठन गर्ने ।

■ कृषि, वन र पशु विज्ञान विश्वविद्यालयको व्यवस्था गर्न शिक्षा मन्त्रालयबाट विधेयक तयार पारी सम्बन्धित निकायबाट स्वीकृत गराउने र प्रस्तावित विश्वविद्यालयको नामाकरण गर्ने ।

■ कृषि तथा पशु विज्ञान अध्ययन संस्थान र वन विज्ञान अध्ययन संस्थानका सम्पूर्ण चल-अचल सम्पत्ति र यी संस्थानका सम्पूर्ण कार्यक्रमहरू कृषि, वन र पशु विज्ञान विश्वविद्यालयमा गाभिनुपर्ने ।

■ रामपुर क्याम्पससँग जोडिएका राष्ट्रिय मकैबाली र कोसेबालीको १०६ हेक्टर जग्गा विश्वविद्यालयलाई उपलब्ध गराउनेतर्फ कृषि मन्त्रालयलाई अनुरोध गर्ने ।

■ नयाँ प्रविधिको विकास, उच्च जनशक्तिको निर्माण र प्रविधि हस्तान्तरणलाई प्रभावकारी बनाउन नेपाल कृषि अनुसन्धान परिषद् र कृषि मन्त्रालयअन्तर्गतको कृषि प्रसार कार्यक्रमलाई समेत एकीकृत गरी कृषि, वन र पशु विज्ञान विश्वविद्यालयको स्थापना गरिनुपर्ने ।

■ कृषि, वन र पशु विज्ञान विश्वविद्यालयको शिक्षणसम्बन्धी लाग्ने सम्पूर्ण बजेट र सञ्चालनको व्यवस्था शिक्षा मन्त्रालयबाट हुने र अनुसन्धान तथा कृषि प्रसार कार्यक्रमका लागि आवश्यक जनशक्ति र बजेटको व्यवस्था कृषि र वन मन्त्रालयबाट हुने सञ्जाल प्रणालीमा जान सकेमा कृषि वन र पशु चिकित्सा शिक्षाको भविष्य उज्वल देखिन्छ ।

■ आवश्यक न्यूनतम पूर्वाधार र पुस्तकालय सुविधाका लागि राष्ट्रिय-अन्तर्राष्ट्रिय संघसंस्था र विश्वविद्यालयसँग समन्वय गरी आवश्यक स्रोत-साधन जुटाउन राज्यले पहल गर्ने ।

*लेखक चितवनस्थित रामपुर कृषि क्याम्पसका प्रमुख हुन् ।*

> कृषि जनशक्ति ग्रामीण क्षेत्रमा पुग्न नसक्दा कृषिमा आधुनिकीकरण हुन सकेको छैन । ग्रामीण कृषि विकासका लागि प्रत्येक जिल्लामा १०+२ को पढाइ हुने केही स्कुल तथा क्याम्पसहरूमा कृषि शिक्षा अध्यापन गराउनेतर्फ प्राथमिकता दिनुपर्छ ।




# पाठक मञ्च

## नेताहरू किन चुप

रामबाबु यादवको 'तराईका नेताहरूलाई खुलापत्र' (२६ कात्तिक) अत्यन्त सान्दर्भिक लाग्यो । दुःखको कुरा यस विषयमा पाठक प्रतिक्रिया कम आयो । फेसन, प्रेम, यौवन आदिको कुरा भएको भए प्रतिक्रियाको ओइरो लाग्ने थियो । तराईको यस्तो जल्दोबल्दो मुद्दालाई सम्बोधन गरिएको लेखको प्रतिक्रिया खै ? नेताहरूबाट यसको जवाफ आउनै पर्छ, चुप लागेर भएन ।

**– रवि शर्मा**
सीतापाइला, काठमाडौं

■■■

तराईका नेताहरूलाई खुलापत्र निकै सान्दर्भिक र मार्मिक लाग्यो । मधेसीमूलका नागरिक भएर पनि तराईमा रहेका पहाडी समुदायका नागरिकको सम्मानजनक कुरालाई त्यस लेखमा समावेश गरेकोमा मुरीमुरी धन्यवाद । तराई आन्दोलनमा जनतालाई ललिपप देखाई जिरोबाट हिरो भएका नेताहरूलाई यस लेखले राम्रो पाठ सिकाएको छ । तराईका समस्या यथाशीघ्र समाधानतिर अगाडि बढ नेताहरू हो ।

**– सञ्जयकुमार श्रेष्ठ**
वीरगन्ज- ६

## दुरुपयोग नगर

सरकारले प्रत्येक सभासदलाई सांसद क्षेत्र विकास गर्नका लागि १०/१० लाख रुपैयाँ दिने निर्णय गऱ्यो । विगतमा जस्तो रकम अनियमितता, भ्रष्टाचार तथा दुरुपयोग हुन नदिन प्रत्येक नेपाली सजग भएर आ-आफ्नो क्षेत्रका सभासदहरूलाई खबरदारी गरिनुपर्छ । संसदीय क्षेत्र विकास कार्यक्रमको रकम दुरुपयोग हुन नपाओस् ।

**– खगेन्द्र भट्टराई**
बुधबारे- ४, झापा

## तीन दिनमा दुईपटक इन्जिन सिज

म नयाँ मोटरसाइकल चढाइको आनन्द लिइरहेको थिएँ । यदाकदा मिसावट तेलसम्बन्धी सुने पनि त्यति चासो दिएको थिइनँ । गोबर्द्धन पूजाको दिन एक महत्त्वपूर्ण कार्यक्रममा सहभागी हुन ढिला भइरहेका बेला अचानक मोटरसाइकल स्टार्ट भएन । आफूले जानेको उपचार स्पार्क प्लग सफा गरी कोसिस गर्दा पनि पार लागेन । आधा घन्टा घिस्याएर नजिकैको वर्कसपमा लगें । एक मिस्त्रीको २ घन्टा प्रयासपछि पनि स्टार्टसम्म नभएपछि मलाई हालको मोटरसाइकल बिग्रने रोगमाथि शंका लाग्यो ।

दुई दिनपछि मोटरसाइकल ट्रकमा राखेर वर्कसप पुऱ्याएँ । त्यहाँ १ घन्टा पर्खंदा अरू ३-४ वटा बाइक आएको देख्दा यो रोग व्यापक भएको महसुस गरें । मिस्त्रीले तेलको खराबी भन्दै भल्ब बांगो भएको देखाए । दिनमा १५-२० वटा बाइक आइरहेको भन्दै एकमुठी भल्ब देखाएपछि मलाई मोटरसाइकल बिग्रने रोगको प्रकोप राम्रैसँग पत्यार लाग्यो । बाइक मर्मतपछि पनि मलाई कतिबेला स्टार्ट बन्द होला भनेर भय भइरह्यो । दोस्रो दिन पछिल्लो पटक तेल भरेको पम्पमा गएर समस्या राखें । तर, पम्पवालाले आफ्नो तेलमा खराबी नभएको दाबी गरे । चौथो दिन बिहान मैले आफ्नो व्यस्त दिनको सुरुवातको निम्ति बाइक स्टार्ट गर्दा भएन, किकमा कम्प्रेसर पटक्कै थिएन । पुनः बाइक चेक गराएँ तेलकै खराबी पाइयो ।

केही दिनयता आयल निगम र बाइक बिक्रेताबीच दोषारोपणको जुहारी चलिराख्दा बाइक प्रयोग गर्ने कि नगर्ने द्विविधामा परें । अन्तिम पटक (२५ कात्तिक) निगमका आधिकारिक व्यक्तिबाट अब पनि तेलको खराबीले बाइक खराब भएमा जिम्मा लिन्छु भनेपछि बाइक ट्रकमा राखेर कम्पनीमा लगी मर्मत गरें । दुवैवटा भल्ब फेर्नु पऱ्यो । शंकास्पद तेल पूरै खाली गरें । उक्त तेलमा मट्टितेलको गन्ध अत्यधिक भएको मलाई लाग्यो र वर्कसपका कर्मचारी र सो-रुमका सबैलाई त्यस्तै लाग्यो । त्यो तेल एक लिटर गुणस्तर परीक्षणका लागि कम्पनीमा बुझाएँ । त्यही तेल जसले ३ दिनमा २ पटक इन्जिन सिज गरायो, मसँग केही सुरक्षित छ । त्यो अनुसन्धानका लागि राम्रो नमुना हुन सक्छ ।

सरकार यो सबै समस्याको रमितेमात्र भएको छ । निगम सरकारद्वारा संरक्षित दादागिरी भएको छ । यस्तो संकटमा पनि निगमको मुनाफा गन्दै उपहास गरिराखेको छ । हामी उपभोक्ताले कति यसरी मोटरसाइकल बिग्रने र बनाउने समस्या झेलिरहने ?




> बाइक मर्मतपछि पनि मलाई कतिबेला स्टार्ट बन्द होला भन्ने भय भइरह्यो ।

**– जयकुमार गुरुङ**
बूढानीलकण्ठ, काठमाडौं
jkcmane@yahoo.com

## निहिता-शोभराज प्रेम

प्रतिमा राईको निहिता, प्रेम र रोजाइ (२७ कात्तिक) पढेपछि केही थप्न मन लाग्यो । सत्र वर्षको उमेरमा विद्यालयबाट निलम्बित भएकी अमेरिकी युवती आना निकोल स्मिथ २५ वर्षको उमेरमा आफूभन्दा पैसठ्ठी वर्ष जेठो (नब्बे वर्षको) उद्योगपति हवार्ड मार्सलसँग बिहे गर्न पुगिन् । केही समयमै उनी विश्व विख्यात बनिन् । तेह्र महिना पनि नपुग्दै उनको पतिको मृत्यु भयो र उनी विधवा भइन् । त्यसपछि लोग्नेको करिब एक खर्ब रुपैयाँको सम्पत्ति दाबी गरिन् । जसबाट केही सम्पत्ति हात पार्न सफल भइन् । केही समयपछि एउटा कर्मचारीलाई सेक्सुअल ह्यारेस्मेन्ट गरेको ठहर गर्दै अदालतले उनलाई करिब छ करोड रुपैयाँ जरिवाना तिर्न लगायो जसले गर्दा उनी टाट पल्टिन् । विस्तारै लागू पदार्थको दुर्व्यसनी बनिन् र यही कुलतको कारण उनको कलिलो उमेरमा मृत्यु भयो । यसरी आना निकोल स्मिथको विश्व विख्यात बन्ने सपना त पूरा भयो तर उनले विवाहपछिको जीवनमा कहिल्यै सुख शान्ति प्राप्त गरिनन् ।



निहिताले पनि यसरी नै सम्पत्ति र ख्यातिका लागि चार्ल्स शोभराजसँग सम्बन्ध जोडेकी हुन् भने उनले निकोल स्मिथको यो घटना राम्रोसँग अध्ययन गर्न आवश्यक छ । त्यसैगरी, उनले एकपटक शोभराजले विगतमा गरेका अपराधमा संलग्न पीडितकी दिदी, बहिनी, छोरी वा नातेदार भएर शोभराजलाई पुनः मूल्यांकन गर्न आवश्यक छ । मलाई टोक्ने कुकुरले तँलाई टोक्छ भन्ने नेपाली उखानजस्तै भोलि निहिता स्वयं सिकार बन्न सक्छिन् । प्रतिमाजीले लेख्नुभएझैं निहिता र शोभराज प्रेम प्रकरणभित्र दुवैको स्वार्थ र डरलाग्दो सम्झौता लुकेको छ ।

निहिताको शोभराजसँग प्रेम र विवाहको नाटक गरी सम्पत्ति र फ्रान्स जाने उपाय त्यति नराम्रो नहोला तर शोभराजको निहितालाई माध्यम बनाएर जेलमुक्त हुने षड्यन्त्र भने ज्यादै संवेदनशील छ । शकुन्तला थापाजस्ता अभिभावकहरूले आफ्ना छोरा छोरीको जीवनसाथी चयन गर्दा उमेर, घरपरिवार, चालचलनजस्ता कुरामा ध्यान दिनु आवश्यक हुन्छ । अंग्रेजीमा एउटा प्रचलित भनाइ छ- 'मर्निङ सोज द डे' अतः निहिताको भविष्य राम्रो देखिँदैन । उनले समयमै विचार पुऱ्याउनु आवश्यक छ ।

**– प्रकाश पौड्याल**
एड्मन्टन्, अल्बर्टा, क्यानडा

## एक दिनको सडक

महाराजगन्जबाट रत्नपार्क हुइँकेको माइक्रोले लैनचौरमा ब्रेक लगायो, चालकले पछाडि फर्केर एकै स्वरमा भनेँ- अगाडि जाम छ सबै ओर्लनुस् । मसँगै बसेकी छात्राले निधार खुम्च्याउँदै भनिन्- के भए छ दाइ किन जाम ? चालकका सहयोगीले शंका गर्दै भने- खै कुनचाहिँ पार्टीको जुलुस रे ।

उसको उत्तर सकिन नपाउँदै म माइक्रोबाट ओर्लिसकेको थिएँ । ममा कुनै नौलो आभास थिएन । यो हाम्रो दिनचर्या नै हो । अगाडि बढिरहेको म रोकिएँ, वीर हस्पिटलको एउटा एम्बुलेन्स भीडमा साइरन बजाइरहेको थियो । साइरन सुन्दा लाग्थ्यो, निर्जीव प्राणी पनि चिच्याइरहेछ । लौन मैले कसैको ज्यान बचाउनु छ, बाटो छोड ...।' भित्र बिरामी तड्पदै होला, लामो जाम देख्दा एकैछिन उसले आफ्नो व्यथा बिर्स्यो होला, सडकमा जुलुस निकालिरहेका नेतालाई सम्झ्यो होला । नेताज्यू तिम्रो र मेरो एउटा कुरामा समानता छ, तिमी पनि सडकमा संघर्ष गरिरहेका छौ, म पनि । जब तिम्रो सडक संघर्ष सफल हुन्छ, तिमीलाई अबिर पोतिनेछ, फूलमाला भिराइनेछ, जनताका अगाडि तिमी कुर्लिने छौ, इतिहास विजयको धावा बोल्छौ । अनि जनताले थपडी मार्नेछन् । तिमी छाती फुलाउने छौ, गर्दन तन्काउने छौ, लाग्छ तिमीले संसार जितेका छौ, एक्काइसौं शताब्दीका आइन्स्टाइन तिमी नै हौ ।

तिम्रो सडक संघर्ष विफल भए पनि केही छैन, खुलामञ्चको चौरमा उभिएर तिमी दोस्रो र तेस्रो चरणको सडक संघर्ष घोषणा गर्नेछौ । तर नेताज्यू मेरो सडकको यो संघर्ष सफल भयो भने म बाँच्ने छु होइन भने ....

गाडीहरूको भीडमा एउटा एफएम सुनियो । एफएमले समाचार बाचन गरिरहेको थियो । लगनखेलमा नगरपालिकाले फुटपाथका व्यापारीलाई लगाऱ्यो रे, गृहमन्त्री भाषण गरिरहेका थिए, जनताले राहत पाएका छन्, सडकमा सवारी मात्र दगुर्न दिइने छ, नांगो नाच हटाएर सहरलाई सधैं चोली र फरियामा बेहुलीझैं सजाइएको छ, क्यासिनोमा नेपालीलाई अंकुश लगाइएको छ आदि । गृहमन्त्रीज्यू तपाईं जे बोल्नुहुन्छ त्यो गर्नुहुन्छ अनि जे गर्नुपर्छ त्यो बोल्नुहुँदैन । मन्त्रीज्यू जाम आफैंमा जाम हो चाहे त्यो फुटपाथका व्यापारीले गरून् या राजनीतिक दलकाले गरून् ।

कुन्नि कुनचाहिँ ठूला नेता डाँको छाडिरहेका थिए, अब हामी निर्णायक तहको आन्दोलन गर्छौं, सडक संघर्षबाट जनतालाई लोकतन्त्रको अनुभूति गराएरै छाड्छौं । मैले झल्यास्स सम्झे यिनै नेता ०६३ साल वैशाखमा भनिरहेका थिए, यो तपाईंको मात्र नभएर यो युगकै अन्तिम आन्दोलन हो, अब तपाईंहरूले कहिल्यै सडकमा टायर बाल्नु पर्दैन, रगतको खोला बगाउनु पर्दैन, न त तपाईंका सन्ततिको एकथोपा रगत चुहिनेछ ।

**– सन्तोष सापकोटा**
info.sbylink@gmail.com